प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरूको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मिति २०८१।०४।२८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय,सानोठिमी, भक्तपुरको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१।०४।१२ गतेको संचालित डिप्लोमा तहका वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका सम्पूर्ण कार्यक्रमहरूको मिति २०८१।०४।१२ गते बिहान ८:०० बजे तोकिएको परीक्षा केन्द्रहरूमा संचालन भएको प्रवेश परीक्षामा सम्मिलित भई डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१ अनुरूप लिखित परीक्षाको प्राप्तांक र एस.एल.सी / एस.ई.ई.को शैक्षिक प्रमाणपत्रहरू वापत तोकिएको अंकको योगफल गरी स्वीकृत कार्यक्रमहरूको वर्ग, कोटाको योग्यताक्रम बमोजिम मिति २०८१।०४।२७ गतेको निर्णयानुसार मुख्य उम्मेदवार, उत्तीर्ण सूची प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।मुख्य उम्मेदवारको रूपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरू मिति २०८१।०५।०५ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्रहरू,फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानुहुन जानकारी गराइन्छ ।सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरूले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरू शिक्षालयका प्राचार्यले रूजु गरेर मात्र भर्ना गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएको शिक्षालयका कार्यक्रमहरूमा भर्ना हुन तोकिएको अन्तिम मितिसम्ममा भर्ना हुन नआएमा भर्ना निर्देशिकाको दफा २७(ख) बमोजिम ३ दिन भित्रमा अनिवार्य रूपमा परिषद् कर्णाली प्रदेश कार्यालयको ईमेल ठेगाना ctevt.karnali@gmail.com मा अनिवार्य रूपमा लिखित जानकारी गराउनुपर्नेछ ।साथै नतिजाको विस्तृत विवरण www.ctevtexam.org.np र www.ctevtkarnali.org.np हेर्न सकिने छ ।

निर्देशक